बैठक संख्या ७ मिति २०७९।०४।०९
कार्यपालिकाको निर्णय प्रमाणित

**बैठक संख्याः ७/०७९-८०, मिति २०७९।०४।०९ गतेको कार्यपालिका बैठकका निर्णयहरु:**

निर्णय नं.१: प्राविधिक शिक्षा तथा व्यसायिक तालिम परिषद्को मिति २०७८/११/०२ को निर्णयानुसार सुर्खेत जिल्लामा परिषद्को आंगिक शिक्षालय स्थापानाको सम्भाव्यता अध्ययन कार्य अगाडी बढाउन परिषद कार्यालयलाई अधिकारी प्रत्यायोजन भएको जानकारी प्राप्त भएको हुँदा यस नगरपालिकाको वडा नं. १३ साविक गुमी स्थित आनन्द मा वि गुमीको नाममा रहेको गुमी ५ च कित्ता नं. ५५ क्षेत्रफल ०-१२-१५ को हाल भेरी बहुमुखी क्याम्पस र आर्दश प्रा वि शैयाको भोगचलनमा रहेको जग्गा उपलब्ध गराउन सकिने साथै यसै वर्ष देखि प्राविधिक कक्षा संचालनका लागि आनन्द मा वि को ४ कोठे भवन उपलब्ध गराउने र यसै आर्थिक वर्षमा भेरी बहुमुखी क्याम्पसको भवन गुर्भाकोट १३ जहरेमा निर्माणाधिन भवनमा स्थानान्तरण गर्नुका साथै सो जग्गामा रहेको प्रा वि भवन जिर्ण भएको हुँदा आनन्द मा वि तथा गुर्भाकोट नगरपालिकाले अन्य ठाउँमा व्यवस्थापन गरी स्थान्तरण गर्ने गरी उक्त जग्गाका साथै संगै जोडिएको कित्ता नं. ५७ र ५९ को अन्दाजी ८ विगाहा पर्ति ऐलानी जग्गा समेत उपलब्ध गराउन सकिने आनन्द मा वि र आर्दश प्रा वि शैया विद्यालय व्यवस्थापन समितिको समेत निर्णय भएकोले सो आंगिक शिक्षालय स्थापनाका लागि आवश्यक प्रकृया अगाडी बढाउन अनुरोध गर्ने ।

निर्णय नं.२: यस नगरपालिकाका विभिन्न शाखाहरुको आर्थिक वर्ष २०७९/०८० स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि कार्यसम्पादन सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

निर्णय नं.३: गुर्भाकोट ग्यालरीले पुस्तकालय संचालनको लागि कम्प्युटर माग गरेको हुँदा मौज्दातबाट उपलब्ध गराउन कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

निर्णय नं. ४ यस नगरपालिकाका तपशिलका योजना निर्माण तथा खरिदको लागि भैपरी आउने पुजिगत शीर्षकवाट विनियोजन गर्ने ।

- क. प्रेम गुरुको घर देखि भिमपुर सम्म सडक निर्माण वडा नं. १४ रु. ३०००००।-
- ख. पोल खडा गर्ने तथा तार तान्ने कार्य वडा नं. २ रु. ३१०००।-
- ग. कालिका प्रा वि भम्का शौचालय तथा खानेपानी निर्माण रु. २५००००।-
- घ. घट्टेखोला लिफ्ट सिचाई मोटर खरिद वडा नं. १२ रु. २०००००।-

निर्णय नं. ५ यस नगरपालिकाका तपशिलका योजना तथा मर्मतको लागि मर्मत सम्भार कोषवाट रकम विनियोजन सम्बन्धमा ।

- क. औलकुरुले खानेपानी मर्मत वडा नं. ३ रु. ३७०००।-
- ख. शुभाघाट सिचाई पम्पसेट मर्मत वडा नं. १२ रु. ३२०००।-
- ग. मालारानी सहारे केर्वड कुलो मर्मत वडा नं. २ रु. ६५०००।-
- घ. पहिरो नियन्त्रण तथा सरसफाई वडा नं. १२ रु. १७०००।-
- ङ. सडक सरसफाई वडा नं. ४ रु. १४७५००।-
- च. गोछेखोला तडबन्धन वडा नं. ६ रु. १५००००।-

निर्णय नं. ६ यस नगरपालिका वडा नं. २ को अप्रिम पोल्ट्रीमा ३ हजार कुखुरा मरी क्षेती भएको भई राहत रकम उपलब्ध गराइपाउँ भनि माग भएकोमा रु. ५० हजार विपद् व्यवस्थापनबाट भुक्तानी दिने ।

निर्णय नं. ७ यस नगरपालिका र स्वच्छता परियोजना संस्थाको साझेदारीमा सहारे स्वास्थ्य चौकीमा अपाङ्गमैत्री संरचना निर्माण गर्नको लागि रु. १०७०००।- रकम साझेदारी शीर्षकवाट विनियोजन गर्ने ।

बैठक संख्या ...१०... मिति ...२०७८-५-०५...
कार्यपालिकाको निर्णय प्रमाणित

निर्णय नं. ८ एसियाली विकास वैंक मार्फत जापान सरकारको अनुदान सहयोगमा निर्माण हुने कोभिड १९ तथा सो प्रकृतिका अन्य रोगका साथै भविष्यमा आउन सक्ने विपद् व्यवस्थापन समेत सहयोग हुने अक्सिजन सिलिन्डर सहितको वहुउद्देश्यि भवन निर्माणको आवश्यक पर्ने जग्गा यस नगरपालिकाको वडा नं. १२ दहचौर स्थित साविक घुमखहरे ७ङ कित्ता नं. ६४ क्षेत्रफल ०-३-० कठ्ठा उपलव्ध गराउने र उक्त भवन निर्माणको लागि आवश्यक प्रकृया अगाडि वढाउन अनुरोध गर्ने ।

बैठक संख्या ...८... मिति २०७९।०५।१९
कार्यपालिकाको निर्णय प्रमाणित

**बैठक संख्याः ८/०७९-८०, मिति २०७९।०५।१९ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

निर्णय नं.१: यस नगरपालिकामा नगर अस्पातल स्थापना गर्नको लागि वडा नं. १२ को शुभाघाट क्षेत्रमा जग्गा खरिद गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं.२: सरस्वती आधारभूत विद्यालय वडा नं. ८ लाई विद्यालयको जग्गा खरिदको लागि रु. ६० लाख नगरपालिकाकाले अनुदान उपलब्ध गराएको सो विद्यालयले ३७९५.६५ व.मी. जग्गा रु. ६३,४१,०००।- मा खरिद गरी रु. ३,४१०००।- अपुग भएको भनि रकम उपलब्ध गराइदिनु हुन भनि माग गरेकोले सो रकम रु. ३,४१,०००।- । भैपरी आउने पूजिगत शीर्षकवाट अनुदान उपलब्ध गराउने ।

निर्णय नं. ३ यस नगरपालिकाको नक्कले वडाखोली पोखरीपाटा मालारानी काल्चे सडक-मदजुर कन्ट्रक्सन विरेन्द्रनगर, सुर्खेतबाट सम्झौता भएको ठेक्काको म्याद थप गरि पाउँ भनि माग भएकोमा उक्त योजनाको म्याद२०७९ साल पौष मसान्त सम्म थप गरी गत आ.व. को भुक्तानी दिन बाँकी रकमवाट भुक्तानी गर्ने ।

निर्णय नं. ४ यस नगरपालिकामा आ.व. २०७८/०७९ मा उपभोक्ता समिति संग सम्झौता भई काम भएका र कार्य सम्पन्न हुन बाँकी रहेका तपशिलका योजनाहरु क्रमागत गरी २०७९ साल कात्तिक मसान्तमा म्याद थप गरि गत आ.व. को भुक्तानी दिन बाँकी रकम वाट भुक्तानी दिने ।

१. लेख मालारानी डाँडागाउँ खा.पा. तथा सिचाई योजना वडा नं. २
२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम वाट स्वीकृत भएका योजनाहरु ।
३. तोरी खर्क सडक निर्माण वडा नं. ५
४. पोखरीपाटा, ओखले, प्युठानेटोल, निकेलेनी विरकट्टे सडक निर्माण ।
५. खेलकुद पुर्वाधार निर्माण वडा नं. ७

निर्णय नं. ५ यस नगरपालिका क्षेत्र भित्रको नदी वन जन्य पदार्थको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) बैठकमा प्रस्तुत भइ उठान भएका विषय वस्तुलाई समेटी स्वीकृत गर्ने सो भुक्तानी भैपरी आउने पूजिगत बाट दिने र नदी जन्य पदार्थ उत्खननको लागि १५ दिने सूचना प्रकाशित गरी टेन्डर प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ६ नमुना समाज वीरेन्द्रनगर सुर्खेतको विरुद्ध उजुरी गर्नुपर्ने भएकोले सो उजुरी प्रयोजनको लागि गुर्भाकोट नगरपालिकाको तर्फबाट अधिकृत छैठौ श्री चित्र बहादुर ढकाललाई सम्पूर्ण काम कारवाही गर्नको लागि अख्तियारी दिने

निर्णय नं. ७ यस नगरपालिकामा क्रिश्चयन धर्म मान्नेहरुका लागि दफन क्षेत्र सवै वडाहरुमा खोजी गरी सोको प्रतिवेदन आगामी बैठकमा पेश गर्ने ।

निर्णय नं. ८ यस नगरपालिकामा स्वीकृत भएका मुख्यमन्त्री स्वरोजगार कार्यक्रमहरु संसोधन गर्न भनि पत्रचार भएता पनि कुनै पनि योजना संसोधन नगर्ने ।

निर्णय नं. ९ यस नगरपालिका नगर शिक्षा समितिको मिति २०७९/०५/१९ गते बैठको निर्णय अनुमोदनको लागि प्रस्ताव पेश भएकोमा सो निर्णयहरु अनुमोदन गरियो ।

निर्णय नं. १० यस नगरपालिकाका आर्थिक वर्ष २०७९/०८० मा लागू हुने गरी ज्यालादर समितिबाट पारित भइ स्वीकृतका लागि पेश भएको दररेट बैठकमा दफावार छलफल भइ सो दररेट स्वीकृत गर्ने ।

CS CamScanner

बैठक संख्या ...८... मिति २०८०।६।१५
कार्यपालिकाको निर्णय प्रमाणित

**निर्णय नं. ११ : विविध सम्बन्धमा ।**

क. यस नगरपालिका अन्तर्गत मेहेलकुना फुटबल क्लबले नेपाल फुटबल संघ (ANFA) को आयोजनामा हुने सि डिभिजन लिग प्रतियोगितामा भाग लिनको आवश्यक खर्च व्यवस्थापनको लागि रकम माग गरेकोमा नगर स्तरीय खेलकुद प्रर्वधन शिर्षकबाट रु. २ लाख ५० हजार खर्च भएको विल भरपाईको र खेलकुद प्रतिवेदनको आधारमा भुक्तानी दिने ।

ख. यस नगरपालिकाको उप प्रमुखको स्वकिय सचिवमा वडा नं. ८ निवासी मेनुका सुनारलाई नियुक्ति गर्ने ।

ग. यस नगरपालिका अन्तर्गत भूमी सेवा केन्द्रमा ल्याटब खरिद भएकोमा रु. १३५०००।- रकम भक्तानीको लागि माग भएकोमा विल भरपाइका आधारमा चालु खर्चबाट भुक्तानी दिने ।

घ. यस नगरपालिकाको शहरी क्षेत्रमा विभिन्न ठाउँमा झुन्डयाइएका अनाधिकृत विज्ञापन वोर्ड तथा होडिङ्ग वोर्डहरु हटाउन सम्बन्धित वडाले ७ दिने सूचना प्रकाशित गरी आवश्यक कारवाही अगाडि बढाउने र तोकिएको निश्चित क्षेत्रमा राख्न करको दयारामा ल्याउने ।

CamScanner